# बुटबल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७४ (पहिलो संसोधन), २०७६

मिति २०७६।९।१४ मा बसेको नगरसभाको छैठौ अधिवेशन वैठकबाट पारित बुटबल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७६

१. दफा २ को उपदफा (२) को (ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ । भन्ने वाक्यांशको ठाउँमा **"अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ । यसै खण्ढमा निजी निकायमा उल्लेखित निकायहरु समेतलाइ जनाउदछ ।** थप गरिएको ।

२. दफा ८ मा  सार्वजनिक खरिद कानून आकर्षित नहुनेःयस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था बमोजिम गरिनेछ र सो सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको व्यवस्था लागू हुनेछैन । भन्ने वाक्यांशको ठाउँमा **सार्वजनिक निजी साझेदारी अन्तरगत सञ्चालन हुनेःयस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था बमोजिम गरिनेछ ।** थप गरिएको ।

३. दफा १० मा सानिसा समितिः(१) यस ऐन बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको प्रत्येक आयोजनाका लागि एक सानिसा समिति रहनेछः । भन्ने वाक्यांशको ठाउँमा **सानिसा समितिः(१) यस ऐन बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको एक सानिसा समिति रहनेछः** । थप गरिएको ।

४. दफा १६ खरिद प्रक्रियाका चरणहरुः(१) यस ऐन बमोजिम पहिचान र स्वीकृति भएका आयोजनाहरुको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछः

(क) योग्यताका लागि मनसायपत्र आव्हान गर्ने,

(ख) योग्यतामा छनौट भएका दरखास्तवालाहरुको संक्षिप्त सूची तयार गर्ने,

भन्ने वाक्यांशको ठाउँमा खरिद प्रक्रियाका चरणहरु:(१) यस ऐन बमोजिम पहिचान र स्वीकृति भएका आयोजनाहरुको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछः

(क) मनसायपत्र आव्हान गर्ने,

(ख) संक्षिप्त सूची तयार गर्ने, थप गरिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँभन्दा कम अनुमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा योग्यता सम्बन्धी दरखास्त र प्रस्तावसम्बन्धी विवरणहरु छुट्टाछुटै खाममा एकै चरणमा माग गर्न सकिनेछ ।

भन्ने वाक्यांशको ठाउँमा (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँभन्दा कम अनुमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा संक्षिप्त सूची माग भए पछि तोकिए बमोजिम सोझै प्रस्तावसम्बन्धी विवरणहरु माग गर्न सकिनेछ । थप गरिएको ।

५. दफा १७ (१) सानिसा इकाईले दफा १६ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ । भन्ने वाक्यांशको ठाउँमा (१) सानिसा इकाईले दफा १५ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ । थप गरिएको ।

६. दफा १८ मा संक्षिप्त सूची तयार गर्ने : सानिसा इकाईले मनसायपत्र प्राप्त भएको मितिले तीस दिनभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ। भन्ने वाक्यांशको ठाउँमा संक्षिप्त सूची तयार गर्ने : सानिसा इकाईले मनसायपत्र प्राप्त भएको मितिले १५ दिनभित्र तोकिएको आधारमा कानूनत ग्रयाह्य मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ । थप गरिएको ।

७. दफा २२ प्रस्ताव छनौट गर्ने : (१) सानिसा इकाईले दफा २३ बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ । भन्ने वाक्यांशको ठाउँमा प्रस्ताव छनौट गर्ने : (१) सानिसा इकाईले दफा २१

**बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ।** थप गरिएको।

८. दफा २४ समझदारीपत्र गर्न सक्ने : दफा २२बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा इकाईले प्रस्तावकसँग आयोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ। तर परियोजनाको प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ। भन्ने वाक्यांशको ठाउँमा **समझदारीपत्र गर्न सक्ने : दफा २२बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा आयोजना कार्यान्वयनको लागि दफा २९ बमोजिम सम्झौता गर्न सक्नेछ। तर बिस्तृत आयोजना विवरण तयार नभएका परियोजनाको हकमा प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ।** थप गरिएको।

९. दफा २९ (३) प्रस्तावकले दफा २८ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ। सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ। भन्ने वाक्यांशको ठाउँमा **(३) प्रस्तावकले दफा २५ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ। सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ।** थप गरिएको।

१०. दफा ३३ अनुमतिपत्र प्रदान गरिने : दफा ३० बमोजिम सम्झौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ भन्ने वाक्यांशको ठाउँमा **अनुमतिपत्र प्रदान गरिने : दफा २९ बमोजिम सम्झौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ।** थप गरिएको।

११. दफा ५९ को गैरसरकारी वा स्थानीय सामुदायिक संघसंस्था मार्फत् आयोजना कार्यान्वयन गर्न सकिनेः तोकिएको रकमसम्मको आयोजना लागत भएका आयोजना स्थानीय गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई प्राथमिकता दिई कार्यान्वयन गर्न सकिनेछ। भन्ने वाक्यांश हटाइएको।